# रेसुङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तम्घास, गुल्मी

५ नम्बर प्रदेश, नेपाल

Email- resungamunicipality2071@gmail.com

web- www.resungamun.gov.np

फोन नं :०७९५२०१५०

फोन/फ्याक्स :५२०४५७


प.सं. ०७५/०७६

चलानी नं. Ref. No ११८६

मिति/Date:२०७५।१२।१३ गते

श्री वडा कार्यालय ,

सबै ।

**विषयः अपाङ्गता परिचयपत्र वितरण हुने सुचना ।।**

प्रस्तुत विषयमा रेसुङ्गा नगरपालिकाको अपाङ्गता परिचयपत्र वितरण कार्यविधि २०७५, अनुसार रेसुङ्गा नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र प्रदान गर्ने उद्देश्यले गठन भएको अपाङ्गता परिचयपत्र वितरण समितीको २०७५/११/२२ गतेको निर्णय अनुसार रेसुङ्गा नगरपालिकामा अपाङ्गता परिचयपत्र निम्न मिति,स्थान र समयमा वितरण हुने व्यहोरा सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । साथै हालसम्म प्राप्त गरेका अपाङ्गता परिचयपत्र रेसुङ्गा नगरपालिकामा बुझाई नयाँ लिनुपर्ने प्रावधान रहेकाले पुरानो परिचयपत्रको हकमा स्वयं अपाङ्ग व्यक्ति समेत उपस्थित भई परिचयपत्र नविकरण गर्नुहुनको लागि अनुरोध छ ।

१. नयाँ परिचयपत्रको लागि- मितिः २०७५/१२/२१ गते बिहिवार ।

स्थान - रेसुङ्गा नगर कार्यपालिकाको कार्यालय, खानीगाउँ, तम्घास गुल्मी ।

समय - बिहान ठिक १०:०० बजेदेखि ।

२. पुरानो परिचयपत्र नविकरणका लागि - मिति २०७५/१२/०१ गते देखि नियमित रुपमा कार्यालय समयभित्र भइरहेको छ ।

संलग्न गर्नुपर्ने कागजपत्रहरुः

- आफु बसोबास गर्ने वडा कार्यालयको सिफारिस,
- जन्मदर्ता/नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- अपाङ्गता देखिने फोटो सहित ३ प्रति फोटो,
- परिचयपत्र प्राप्त गर्नको लागि स्वयं व्यक्ति उपस्थित हुनुपर्ने छ ।

(भक्तिराम मरासिनी)

प्रमुख प्रशासकिय अधिकृत